बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

बैठक संख्या : ४६

आज मिति २०८१ साल जेष्ठ २७ गते आइतबार दिनको ३:०० बजे देहायका विषयहरुमा छलफल गर्न नगर प्रमुख श्री शान्तिरत्न शाक्यको अध्यक्षतामा निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरु गरेको छ ।

**-:: उपस्थिति ::-**

| क.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्तिरत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री रामप्रसाद घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्यामसुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | उपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | का.वा. सदस्य (वडा नं. ९) | श्री मनिषा तामाङ | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्रबहादुर खड्का | उपस्थित |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री रामवहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री रामलाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री शुभद्रा बजगाँई | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री ज्योति बोगटी | अनुपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | उपस्थित |
| २४ | सदस्य | श्री रबिन्द्र सुनार | उपस्थित |
| २५ | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) | श्री भोला प्रसाद चापागाईं | उपस्थित |
| २६ | प्रशासकीय अधिकृत | श्री ध्रुवराज नेपाल | उपस्थित |

**छलफलका विषयहरू:**

१. आगामी आ.व. २०८१/८२ को बजेट तथा कार्यक्रम तर्जुमा र नगरसभा सम्बन्धमा,

२. योजना सम्बन्धमा

क) योजना सञ्चालन व्यवस्थापन सम्बन्धमा,

ख) सिनागाल खानेपानी योजनाको म्याद थप सम्बन्धमा,

ग) शान्तिपार्क निर्माण योजनाको म्याद थप सम्बन्धमा,

घ) चण्डेश्वरी खोलामा बाँध निर्माणका लागि अपुग रकम माग सम्बन्धमा,

३. राजस्व सम्बन्धमा

क) बसपार्क पार्किङ शुल्क दर निर्धारण सम्बन्धमा,

ख) सामुदायिक भवन बहाल दर निर्धारण सम्बन्धमा,

४. नगर प्रहरीहरूको ड्रेसकोड निर्धारण तथा व्यवस्थापन सम्बन्धमा,

५. का.स. ईश्वर रंजितलाई सवारी चालकमा सेवा परिवर्तन सम्बन्धमा,

६. नेपाल पुलिस स्कुलबाट मार्कसिट उपलब्ध हुन माग सम्बन्धमा,

७. विधायन समितिबाट सिफारिस भएका तपसिल बमोजिमका कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा,

क) दलित छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०८१

ख) रोजगार रणनीति, २०८१

ग) रोजगार सम्वाद मञ्च गठन कार्यविधि, २०८१

घ) सीप विकास तालिम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

ङ) गैरसरकारी संस्था दर्ता कार्यविधि, २०८१

८. नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०८० संसोधन सम्बन्धमा,

९. विविध।

-:: निर्णयहरू ::-

| नि.नं. | छलफलका विषय | निर्णय |
|---|---|---|
| १ | गत बैठकको निर्णय समिक्षा सम्बन्धमा। | बनेपा नगरपालिका, नगर कार्यपालिकाको गत बैठकबाट भएका निर्णयहरूको कार्यान्वयनको प्रगतिको सम्बन्धमा समिक्षा गरियो। |
| २ | आगामी नगरसभाको मिति तोक्ने सम्बन्धमा। | आगामी आ.व. २०८१/८२ को नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमाका लागि बनेपा नगरपिलकाको नगरसभाको चौधौं अधिवेशन मिति २०८१ असार १० गते सोमबार बिहान ८:०० बजे बनेपा नगरपालिकाको सभाहलमा बस्ने निर्णय गरियो। |
| ३ | योजना व्यवस्थापन सम्बन्धमा। | चालु आर्थिक वर्ष २०८०।०८१ मा स्वीकृत योजनाहरू कार्यान्वयनका लागि समय अभावका कारणा योजनाहरू अब उप्रान्त सम्झौताका लागि वडाबाट सिफारिस गर्ने कार्य रोक्ने र कुनैपनि योजनाहरू संसोधन नगर्ने साथै योजना सम्झौता भई सम्झौताको म्याद सकिएका तर हालसम्म पनि कार्य प्रारम्भ नभएका योजनाहरू कार्यान्वयन नगर्ने/नगराउने। |
| | क) सिनागाल खानेपानी योजनाको म्याद थप सम्बन्धमा। | बनेपा नगरपालिका वडा नं. ११ मा पर्ने सिनागाल खानेपानी योजनाको म्याद समाप्त भई म्याद थपका लागि लेखी आएका |

बनेपा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बनेपा, काभ्रेपलाञ्चोक बागमती प्रदेश २०७३

सम्बन्धमा छलफल गर्दा उक्त योजनाको कार्य सम्पन्न भएको तर भुक्तानी दिन बाँकी रहेको देखिदा सार्वजनिक खरिद नियमावली, २०६४,को नियम १२०(२) ले गरेको कानूनी व्यवस्था बमोजिम निर्माण व्यवसायी लुक्ला ड्रिलिङ कन्स्ट्रक्सनसंगको म्याद मिति २०८१ जेठ मसान्तसम्म थप गर्ने।

**ख) शान्तिपार्क निर्माण योजनाको म्याद थप सम्बन्धमा।**

बनेपा नगरपालिका वडा नं. ११ मा पर्ने शान्तिपार्क निर्माण योजनाको योजनाको म्याद समाप्त भई म्याद थपका लागि लेखी आएका सम्बन्धमा छलफल गर्दा उक्त योजनाको कार्य सम्पन्न भएको तर प्राविधिकबाट बिल तयार गर्न बाँकी रहेको देखिदा सार्वजनिक खरिद नियमावली, २०६४, को नियम १२०(२) ले गरेको कानूनी व्यवस्था बमोजिम निर्माण व्यवसायी ज्ञानज्योति /कौशिल/ बस्नेत/प्रजेड जेभीसंगको म्यादम्याद मिति २०८१ असार मसान्तसम्म थप गर्ने।

४ राजस्व परामर्श समितिबाट सिफारिस भई आएका विषय सम्बन्धमा

**क) बसपार्क पार्किङ शुल्क दर निर्धारण सम्बन्धमा।**

बनेपा नगरपालिक वडा नं. ८ मा रहेको बसपार्कको पार्किङ शुल्कको ठेक्का सम्झौता मिति २०८१ असार मसान्तमा समाप्त हुने भएकोले आ.व. २०८१/८२ को लागि न्यूनतम प्रतिवर्ष रू. ३०,००,०००/- (तीस लाख मात्र) पार्किङ शुल्क कायम हुनेगरी तपसिल बमोजिम शुल्क दस्तुर तोकी दुईवर्षे ठेक्का सम्झौता प्रक्रिया अघि बढाउने निर्णय गरियो।

आगामी आ.व. २०८१/८२ देखि लागू हुने बसपार्कभित्र सवारी पार्किङ शुल्कः

| सवारीको किसिम | दिवाकालीन | | रात्रीकालीन | |
|---|---|---|---|---|
| | प्रतिघण्टा रू. | प्रतिदिन रू. | प्रतिघण्टा रू. | प्रतिदिन रू. |
| हेभी इक्विपमेण्ट, बस, मिनिबस, ट्रक, लरी | ५०/- | ३००/- | ४०/- | २००/- |
| कार, जिप, भ्यान र ट्याक्टर | २५/- | १५०/- | १५/- | १००/- |
| मोटरसाइकल, स्कुटर, अटो रिक्सा र ई-रिक्सा | १०/- | १००/- | १०/- | १००/- |
| माथि उल्लेखित बाहेक अन्य सवारी साधनको हकमा | १०/- | १००/- | १०/- | १००/- |

**ख) सपिङ कम्प्लेक्सहरूको राजस्व उठाउने सम्बन्धमा।**

१) बनेपा नगरपालिका वडा नं. ८ मा रहेको पुरानो सपिङ कम्प्लेक्स भवन पूर्वतर्फको र पश्चिमतर्फको शौचालयसँगैको १/१ सटर बाहेक सबै सटरहरू भऱ्याङमुनिको भाग समेत मिति २०७९ माघ महिनादेखि मासिक रू. ६,७१,२२६/- (छ लाख एकहत्तर हजार दुई सय छब्बिस मात्र) का दरले २०८१ जेठ मसान्तसम्म जम्मा १७ महिनाको रू. १,१४,१०,८४२/- (एक करोड चौध लाख दश हजार आठ सय बयालिस मात्र) रकम यस नगरपालिकालाई ठेकेदारको तर्फबाट बुझाउनु पर्नेमा बुझाउन बाँकी रहेकोले बैंक जमानत पत्रमा उल्लेखित YSR Concern का पाट्नर्स रोहित श्रेष्ठ, यस कुमार रंजित र सुरेश कुमार चौधरी प्रधान समेतलाई पत्राचार गरी असुलउपरको कार्य प्रक्रिया अघि बढाउने निर्णय गरियो।

२) ऐ.ऐ. स्थानमा रहेको ऐ.ऐ. सपिङ कम्प्लेक्स (बनेपा नगरपालिकाको बसपार्क क्षेत्र साविक वडा नं. ६ को कार्यालय भवन पछाडीको कोठा पूर्वतर्फको सटर) को मिति २०७९ माघ महिनादेखि मासिक रू. २५,१२५/- (पच्चिस हजार

| | | |
|---|---|---|
| | | एक सय पच्चिस मात्र) का दरले ठेकेदार रोहित श्रेष्ठले २०८१ जेठ मसान्तसम्म जम्मा १७ महिनाको यस नगरपालिकालाई उपलब्ध गराउनुपर्ने जम्मा रकम रू. ४,२७,१२५/- (चार लाख सत्ताइस हजार एक सय पच्चिस मात्र) बुझाउन बाँकी रहेकाले बैंक जमानत पत्रमा उल्लेखित YSR Concern का पाट्नर्स रोहित श्रेष्ठ, यस कुमार रंजित र सुरेश कुमार चौधरी प्रधान समेतलाई पत्राचार गरी असुलउपरको कार्य प्रक्रिया अघि बढाउने निर्णय गरियो।<br>३) ऐ.ऐ. स्थानमा रहेको नयाँ सपिङ कम्प्लेक्सको पश्चिम तर्फको वहाल ठेक्का लिने ठेकेदार मनिषा बडाल (मंगलटार, काभ्रे) ले मिति २०७९ फागुन महिनादेखि मासिक रू. १,८२,२२२/- (एक लाख बयासी हजार दुई सय बाइस मात्र) का दरले मिति २०८१ जेठ मसान्तसम्म जम्मा १६ महिनाको रू. २९,१५,५५२/- (उनान्तीस लाख पन्ध्र हजार पाँच सय बाउन्न मात्र) यस नगरपालिकालाई बुझाउन बाँकी रहेकोले बैंक जमानत पत्रमा उल्लेखित YSR Concern का पाट्नर्स रोहित श्रेष्ठ, यस कुमार रंजित र सुरेश कुमार चौधरी प्रधान समेतलाई पत्राचार गरी असुलउपरको कार्य प्रक्रिया अघि बढाउने निर्णय गरियो। |
| | ग) सोह्रसय सिँडी संरक्षण तथा गोसाईंस्थान पिकनिक स्पोर्टको व्यवस्थापन सम्बन्धमा। | बनेपा नगरपालिका अन्तर्गत वडा नं. ६ मा पर्ने धार्मिक, साँस्कृतिक तथा पर्यटकीय महत्वको रूपमा रहेको सोह्रसय सिँडीको संरक्षण र गोसाईंस्थानमा रहेको पिकनिक स्पोर्टको व्यवस्थापनको लागि न्यूनतम वार्षिक कवोल अंक रू. १,५०,,०००/- (एक लाख पचास हजार) हुनेगरि ठेक्का प्रक्रिया अगाडी बढाउने निर्णय गरियो। |
| | घ) बुडोल सपिङ कम्प्लेक्स भवनको ठेक्का सम्बन्धमा। | यस बनेपा नगरपालिका र बागमती प्रदेश यातायात व्यवस्था कार्यालयवीच यसअघि भएको सम्झौता बमोजिम बुडोल सपिङ कम्प्लेक्सको माथिल्लो दुईतलाका कोठाहरू यातायात व्यवस्था कार्यालयले प्रयोग गर्ने गरी संझौता भई सकेको हुँदा बाँकी रहेका तीन तला मध्ये भुई तला र सो भन्दा माथिको एक तला समेत जम्मा दुई तलामा रहेका सटर हरू मध्ये दोस्रो तलामा रहेको उत्तर पूर्वी मोहडामा रहेको सबै भन्दा छेउको सटर एक बाहेक दुई तलामा रहेका सबै सटरहरूको एक मुष्ट वार्षिक रू. २०,००,०००। न्युनतम बहाल कायम हुने गरी ठेक्कामा दिने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । |
| | ङ) सामुदायिक प्रहरी भवन सम्बन्धमा। | बनेपा नगर कार्यपालिकाको कार्यालयको पूर्वतर्फ बसपार्कसँगै रहेको तीनकोठे सामुदायिक भवनलाई बनेपा नगरपालिकाको नगर प्रहरी कार्यकक्ष बनाउन आवश्यक व्यवस्था मिलाउने । |
| ५ | नगर प्रहरीहरूको ड्रेसकोड निर्धारण गर्ने सम्बन्धमा। | बनेपा नगरपालिकाको नगर प्रहरीले प्रयोग गर्दै आएको खरानी रंगको सर्ट र गाढा निलो पाइन्ट (ड्रेसकोड) लाई परिवर्तन गरी हरियो रंगको प्रहरी क्याप, घ्यू रंगको सर्ट, हरियो रंगको स्वीटर र हरियो रंगको पाइन्टलाई कार्यालयीय पोषाक (ड्रेसकोड) र गाढा हरियो रंगको पोषाक (ज्याकेट, सेफ्टी भेस्ट र चुस्ता) लाई फिल्ड पोषाकको रूपमा रहनेगरि व्यवस्थापन गर्ने। |
| ६ | विधायन समितिबाट सिफारिस भएका तपसिल बमोजिमका कार्यविधि स्वीकृत गर्ने | विधायन समितिबाट सिफारिस भएका तपसिल बमोजिमका कार्यविधिहरू स्वीकृत गर्ने।<br>क) बाल अधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी कार्यविधि, २०८०<br>ख) वीउ पूँजी परिचालन कार्यविधि, २०८०<br>ग) दलित छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०८१<br>घ) रोजगार रणनीति, २०८१<br>ङ) रोजगार सम्वाद मञ्च गठन कार्यविधि, २०८१ |

| | | |
|---|---|---|
| | सम्बन्धमा। | च) सीप विकास तालिम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१<br>छ) गैरसरकारी संस्था दर्ता कार्यविधि, २०८१ |
| ७ | कार्यक्रम साझेदारी सम्बन्धमा। | बागमती प्रदेश सरकारबाट बनेपा नगरपालिकाको साझेदारीमा संचालन गर्नेगरि **गृहिणी महिला सशक्तिकरण कार्यक्रम, २०८०** शीर्षकमा विनियोजन भएको रकममा यस नगरपालिकाको तर्फबाट **शिक्षक सेवा आयोगको तयारी कक्षा संचालन** शीर्षकमा यसअघि विनियोजन भएको रकम रू. ५,००,०००/- (पाँच लाख मात्र) लाई साझेदारीको रूपमा प्रयोग गरी कार्यक्रम संचालन गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो। |
| ८ | सामुदायिक भवन वहाल सम्बन्धमा। | बनेपा नगरपालिका, वडा नं. ८ बसपार्कमा रहेको सामुदायिक भवन वहालमा लिने पटुवाल निर्माण सेवाका प्रो. कुमार घिसिङ लामा (रोशी गाउँपालिका १ बस्ने) र बसपार्क स्थित ग्यारेज वहालमा लिने बिमल पाण्डे (नमोबुद्ध नगरपालिका १ बस्ने) ले सम्झौता बमोजिम बुझाउनु पर्ने वहाल रकम नबुझाएकोले सम्झौता बमोजिमको वहाल रकम सरकारी बाँकी सरह असुलउपर गर्न जिल्ला अदालत काभ्रेमा मुद्दा दायर गर्ने र निजहरूलाई प्रचलित कानून बमोजिम कालो सूचीमा राख्ने प्रक्रिया यथाशीघ्र अघि बढाउने निर्णय गरियो। |
| ९ | नगर प्रहरी व्यवस्थापन कार्यविधि संसोधन सम्बन्धमा | बनेपा नगरपालिकाको नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०८० मा संसोधन गर्नु पर्ने विषयमा विधायन समितिबाट अध्ययन गरी सिफारिस सहित आगामी बैठकमा पेश गर्ने निर्णय गरियो । |

प्रमुख